तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

**आ.व. १/०७६/०७७ को छैठौं विशेष नगरसभाको बैठक मिति: २०७६/०६/०१ गते ।**

<u>प्रस्तावहरु:</u>

१. "तिलोत्तमा लगानी सम्मेलन-२०७६" सम्वन्धमा ।
२. आर्थिक ऐन संशोधन सम्बन्धमा ।
३. एकिकृत शहरी विकास योजना स्वीकृत सम्बन्धमा ।
४. शिक्षा सुधार कार्यक्रम अन्तर्गत दिवा खाजा अपुग रकम सम्बन्धमा ।
५. सीप र रोजगार प्रवर्धन कोष (Skill and Employment Fund) स्थापना सम्वन्धमा ।
६. आ.व. २०७५/०७६ को बार्षिक प्रगती समीक्षा सम्वन्धमा ।
७. योजनाको नाम परिवर्तन सम्बन्धमा ।
८. नगर गीत अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं.-१

- **"तिलोत्तमा लगानी सम्मेलन-२०७६"** का लागि गठन भएका सचिवालयको विभिन्न समिति तथा उप-समितिबाट सम्पादन भएका क्रियाकलापहरुको बारेमा जानकारी प्राप्त गरी अनुमोदन गरियो । सचिवालयका लागि गठन भएका विभिन्न समिति
- तिलोत्तमा लगानी सम्मेलन-२०७६ लाई प्रभावकारी रुपमा सम्पन्न गर्न
- आवश्यक निर्णयहरु लिनको लागि नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

- उपप्रमुख श्री जगेश्वरदेवी चौधरीबाट प्रस्तुत **"तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७६"** **देहाय बमोजिम**को पहिलो संशोधन प्रस्ताव अनुमोदन गरियो ।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

अनुसूची १०

(दफा ११ उपदफा २ को (च) को प्रयोजनका लागि)

| क्षेत्र वर्गिकरण | | आयोजनाहरु | स्थानीय कर दस्तूरमा दिईने छुट एवं सुविधाहरु | अन्य छुट सुविधाहरु |
|---|---|---|---|---|
| कृषि | १ | एकीकृत कृषिमा आधारित उत्पादन संकलन एवं प्रशोधन केन्द्र (शितभण्डार सहितको) | **स्थानीय कर दस्तूरमा छुट**<br>क) ५ वर्षको लागि सम्पत्ति तथा भूमीकर, व्यवसायकर र नक्सापास दस्तूर १००% छुट सुविधा दिन सकिनेछ ।<br>ख) त्यस पछिको ५ वर्षलाई ७५% छुट सकिनेछ ।<br>**अन्य सुविधाहरु**<br>क) लिज प्रकृयाबाट जग्गा उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ ।<br>ख) ५ करोड भन्दा माथिका आयोजनाको पहुँचमार्ग, विद्युत तथा खानेपानी सुविधाका लागि आवश्यक पहल गरिनेछ ।<br>ग) नगरपालिकाले आवश्यकता र औचित्य हेरी कृषि उत्पादन प्रशोधन एवं दुग्ध प्रशोधन जस्ता उद्योगमा अधिकतम १५% सम्म लगानी गर्न सक्नेछ । | **प्रस्तावित स्किम समाप्त भए पछि पनि**<br>क) १०० जना सम्म नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप ५ वर्ष सम्म ५०% छुट दिन सकिनेछ ।<br>ख) ३०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १० वर्ष सम्म ७५% छुट दिन सकिनेछ ।<br>ग) ३००-५०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १२ वर्ष सम्म ९०% छुट दिन सकिनेछ ।<br>घ) ५०० भन्दा बढी नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १५ वर्ष सम्म ९५% छुट दिन सकिनेछ ।<br>ङ) कृषिमा आधारित उद्योगको व्यवसाय करमा अनिर्श्चित अवधिसम्म कम्तिमा ५०% छुट दिन सकिनेछ ।<br>च) पर्यटन सम्बद्ध होटल लगायतका व्यवसायहरुको व्यवसाय करमा थप ५ वर्षका लागि ५०% छुट दिन सकिनेछ । |
| | २ | तिलोत्तमा मासु प्रशोधन केन्द्र | | |
| | ३ | तिलोत्तमा एकीकृत दुग्ध संकलन एवं प्रशोधन केन्द्र | | |
| फोहर व्यवस्थापन | ४ | तिलोत्तमा एकीकृत फोहर व्यवस्थापन केन्द्र | | |
| पर्यटन | ५ | मिनी नेपाल | | |
| | ६ | रोहिणी एकीकृत पर्यटन क्षेत्र विकास आयोजना | | |
| | ७ | स्मार्ट बाल उद्यान | | |
| | ८ | ढाकेवास एकीकृत पर्यटन विकास आयोजना | | |
| | ९ | शंकरनगर उद्यान | | |
| | १० | बाउन्नकोटी उद्यान | | |
| शिक्षा | ११ | तिलोत्तमा सिटी कलेज | | |
| यातायात | १२ | तिलोत्तमा प्रादेशिक बस पार्क | | |
| | १३ | तिलोत्तमा अटोभिलेज | | |
| | १४ | तिलोत्तमा रिङ्गरोडमा रेलवे | | |
| | १५ | स्मार्ट पार्किङ्ग | | |
| शहरी पूर्वाधार | १६ | तिलोत्तमा विजिनेस हव | | |
| | १७ | स्मार्ट हाटबजार (गोरकट्टा, योगिकुटी, सेमरा | | |
| | १८ | सोलार विद्युत केन्द्र | | |
| | १९ | ल्याण्ड पुलिङ्ग | | |
| स्वास्थ्य | २० | तिलोत्तमा महिला तथा बाल स्याहार अस्पताल | | |
| | २१ | तिलोत्तमा क्यान्सर अस्पताल | | |
| उद्योग | २२ | तिलोत्तमा औद्योगिक क्षेत्र | | |

वासुदेव घिमिरे
नगर प्रमुख

अनुसूची ११

(दफा ११ उपदफा २ को (च १) को प्रयोजनका लागि)

| क्र.सं. | उद्योगको वर्गिकरण | स्थानीय कर दस्तूरमा दिईने छुट एवं सुविधाहरु | अन्य छुट सुविधा |
|---|---|---|---|
| १ | **कृषि तथा वन पैदावार**मा आधारित कच्चा पदार्थबाट बस्तु उत्पादन गर्ने ५ करोड रुपैयाँ भन्दा कम स्थिर पूँजी भएका ठूला उद्योगहरु : | **स्थानीय कर दस्तूरमा छुट**<br>क) र सम्म सम्पत्ति तथा भूमीकर, व्यवसायकर, नक्सापास दस्तूरमा पहिलो ५ वर्ष ७५% छुट दिन सकिनेछ ।<br>ख) दिन त्यसपछिको ५ वर्ष सम्म ५०% छुट सकिनेछ ।<br>**अन्य सुविधाहरु**<br>क) ५ करोड भन्दा माथिका आयोजनाको पहुँचमार्ग, विद्युत तथा खानेपानी सुविधाका लागि आवश्यक पहल गरिनेछ ।<br>ख) नगरपालिकाले आवश्यकता र औचित्य हेरी कृषि उत्पादन प्रशोधन एवं दुग्ध प्रशोधन जस्ता उद्योगमा अधिकतम १५% सम्म लगानी गर्न सक्नेछ । | **प्रस्तावित स्किम समाप्त भए पछि पनि**<br>क) १०० जना सम्म नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप ५ वर्ष सम्म ५०% छुट दिन सकिनेछ ।<br>ख) ३०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १० वर्ष सम्म ७५% छुट दिन सकिनेछ ।<br>ग) ३००-५०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १२ वर्ष सम्म ९०% छुट दिन सकिनेछ ।<br>घ) ५०० भन्दा बढी नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १५ वर्ष सम्म ९५% छुट दिन सकिनेछ ।<br>ङ) कृषिमा आधारित उद्योगको व्यवसाय करमा अनिशचित अवधिसम्म कम्तिमा ५०% छुट दिन सकिनेछ ।<br>च) पर्यटन सम्बद्ध होटल लगायतका व्यवसायहरुको व्यवसाय करमा थप ५ वर्षका लागि ५०% छुट दिन सकिनेछ । |
| २ | **कृषि तथा वन पैदावार**मा आधारित कच्चा पदार्थबाट बस्तु उत्पादन गर्ने ५ करोड रुपैयाँ भन्दा बढी स्थिर पूँजी भएका ठूला उद्योगहरु : | | |
| ३ | **निर्यात जन्य उद्योग :** उत्पादित बस्तुको ५० प्रतिशत भन्दा बढी परिमाणमा निर्यात गर्ने अन्य जुनसुकै किसिमका उद्योगहरु | | |
| ४ . | **रोजगारमूलक उद्योगहरु** : १०० जना भन्दा बढी स्थानीय व्यक्तिलाई रोजगारी प्रदान गर्ने अन्य जुनसुकै किसिमका उद्योगहरु | | |
| ५ | **पर्यटन सेवा**सँग सम्बन्धित १५ करोड रुपैयाँ भन्दा बढी स्थिर पूँजी भएका उद्योगहरु : | | |
| ६ | **सूचना प्रविधिसंग सम्बन्धित उद्योगहरु** : १५ करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएका देहायका उद्योगहरु | | |
| ८ | १५ करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएका कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध-प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालबस्तु उत्पादनगर्ने उत्पादनमूलक अन्य जुनसुकै उद्योगहरु | | |
| ९ | १५ करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएका निर्माण तथा सेवासँग सम्बन्धित उद्योगहरु | | |
| १० | ५ करोड रुपैयाँभन्दा बढी १५ करोड रुपैयाँसम्म स्थिर पूँजी लगानी भएका सबै किसिमका मझौला उद्योगहरु | | |
| ११ | लघु र घरेलु उद्योग बाहेकका ५ करोड रुपैयाँसम्म स्थिर पूँजी लगानी भएका सबै किसिमका साना उद्योगहरु | | |
| १२ | अन्यत्रबाट स्थानान्तरण भई आउने उद्योगहरु | | |

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

| क.सं | हालको व्यवस्था | संशोधन गरि कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | **तिलोत्तमा आर्थिक ऐन २०७६ को दफा ११को उपदफा २ को**<br>(च) लगानी सम्मेलनमा लगानी घोषणा गरि स्थापना हुने उद्योग, होटल, व्यवसाय तथा रिसोर्टलाई स्थापनाको ५ वर्ष सम्म नक्सापास, व्यवसाय कर र सम्पत्ति करमा शत प्रतिशत छुट दिईनेछ । | **तिलोत्तमा आर्थिक ऐन २०७६ को दफा ११ को उपदफा २ को**<br>(च) तिलोत्तमा लगानी सम्मेलनमा नगरपालिकाबाट प्रस्ताव गरिएका २२ वटा आयोजनाहरुको सूची भित्रबाट सम्मेलनको दौरानमा लगानी सम्झौता भएका वा सम्मेलन सम्पन्न भएको ६ महिना (१८० दिन) भित्र लगानी सम्झौताको लागि प्रस्ताव पेश हुन आई लगानी सम्झौता भई १ वर्ष भित्र आयोजनाको कार्यारम्भ भएमा यस्ता आयोजनाहरुलाई नगरपालिकाबाट अनुसूची १० बमोजिमको छुट एवं सुविधा उपलब्ध गराउन सकिनेछ ।<br><br>(च१) तिलोत्तमा लगानी सम्मेलनको दौरानमा वा सम्मेलन समापन भएको ६ महिना (१८० दिन) भित्र सम्मेलनबाट प्रभावित एवं आकर्षित भई व्यवसायीहरुबाट उपदफा २ (च) बमोजिम पेश भएका सूची बाहेक लगानीको अन्य आयोजनाहरुको प्रस्ताव पेश हुन आई लगानी सम्झौता भएको १ वर्ष भित्रमा आयोजनाको कार्यारम्भ भएमा यस्ता आयोजनाहरुलाई नगरपालिकाबाट अनुसूची ११ बमोजिमको छुट एवं सुविधा उपलब्ध गराउन सकिनेछ । | तिलोत्तमा लगानी सम्मेलन २०७६ मार्फत लगानी आकर्षित गर्ने उद्देश्यले कर छुट एवं अन्य सुविधाको प्रावधान राख्नु आवश्यक भएकोले |

वासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-३

- नगर प्रमुख श्री बासुदेव घिमिरेज्यूद्वारा प्रस्तुत श्री सिद्धार्थ इन्स्टिच्यूट अफ रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि. बुटवलले तयार पारेको तिलोत्तमा नगरपालिको एकिकृत शहरी विकास गुरु योजना अनुमोदन गरियो ।

निर्णय नं.-४

- आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रमको दिवा खाजा बजेट शीर्षक नं. ३०१० (२) मा विनियोजित रकम विद्यार्थी संख्यामा वृद्धि भई अपुग भएको हुँदा रु. ३२८२३७६।- (अक्षेरुपी रु. बत्तिस लाख बयासी हजार तीन सय छहत्तर रुपैया) सम्बन्धित स्कुलको खातामा चालु आर्थिक वर्षको बजेट शीर्षक नं. २०१० (नगरस्तर) को दिवा खाजाबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-५

- तिलोत्तमा नगरपालिकाको विभिन्न क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनका लागि आवश्यक रकमको व्यवस्थापन गर्न सीप र रोजगार प्रवर्धन कोष (Skill and Employment Fund) स्थापना गर्ने । उक्त कोष स्थापनाका लागि आवश्यक विउँ पूँजी (Seed Money) का लागि रु. २५,००००/- (अक्षेरुपी रु. पच्चिस लाख) रकम जम्मा गर्न अघिल्लो वर्षको रकमबाट Skill for Employment Programme चुनदेवी, काठमाण्डौसँग प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग लिई कोषको प्रवर्धन गर्ने । उक्त कोष परिचालन सम्वन्धी अन्य व्यवस्था कोष परिचालन कार्यविधि बमोजिम हुने ।

निर्णय नं.-६

- तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगती समिक्षा मिति २०७६/०६/०१ गतेको नगरसभा सम्पन्न भए लगत्तै नगर सभाका सदस्यहरु समेतको उपस्थितिमा सम्पन्न गरियो ।

निर्णय नं.-७

- तिलोत्तमा नगर विकास योजना २०७६ मा नगर स्तरीय योजना तथा कार्यक्रम सामाजिक विकास क्षेत्रको शिक्षा तर्फको क्र.स.२६ मा श्री सरस्वती संस्कृत क्याम्पस पूर्वाधार निर्माण योजना वडा नं.-५ उल्लेख भएकोमा सो योजनाको नाम परिवर्तन गरी श्री सरस्वती संस्कृत क्याम्पस सुदृढीकरण योजना वडा नं.-५ कायम गर्ने निर्णय गरियो ।

निर्णय न-८

- नगर प्रमुख श्री बासुदेव घिमिरेद्वारा पेश गरिएको तिलोत्तमा नगर गीत सम्बन्धी प्रस्ताव अनुमोदन गरियो ।

<u>नगर गीत</u>

यो माटो छुदाँ गर्व होस् ।
समृद्धिको सधै पर्व होस् ।।
हाम्रै सत्कर्मले बन्छ स्वर्ग यो तिलोत्तमा ।
स्वच्छ सफा हराभरा नगर तिलोत्तमा ।
सोह्र छत्तीस उर्वर भूमी बुद्ध डुल्ने ग्राम ।
प्रकृतिका उपवन मन्दिर, गुम्बा, धाम ।
उद्योग, व्यापार, पर्यटन गरी उन्नत खेती ।
लगानीका क्षेत्र धेरै बढ्दो समुन्नती ।
भाषा धर्म भेष अनेक सनातन रीति ।
हिमाल पहाड तराईका थरीथरी जाती ।
स्वाभिमानी छाती हाम्रो जाँगर पाखुरीमा ।
जीवनधारा चलाउछन् रोहिणी तिलोत्तमा ।
जय हो तिलोत्तमा ।।

रचना तेज प्रसाद पाण्डेय : तिलोत्तमा ।

बासुदेव घिमिरे
नगर प्रमुख